## २०७९ साल असार ४ गते शनिवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: मानेभन्ज्याङ गाउँपालिकाको आ.व.२०७८/७९ को गाउँसभाले बजेट विनियोजन गरेको विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको बारेमा आजको बैठकमा समिक्षा गरियो । उपभोक्ता समिति र यस गाउँपालिकाको योजना शाखाबीच सम्झौता भएर योजना तथा कार्यक्रम सञ्चालन भैरहेकोमा कतिपय उपभोक्ता समितिको सम्झौता म्याद समाप्त भएको पाइएको हुनाले योजना फरफारक तथा फछ्यौट गर्न आउदा समस्या परेको विषयमा छलफल गरियो । स्थानीय तह सदस्य निर्वाचन तथा अन्य विविध कारणले म्याद समाप्त भएको योजना तथा कार्यक्रमको फरफारक गर्न आउँदा म्याद थप गरिएको वडाको सिफारिस लिएर आउने समितिको म्याद थप भएको मानी भुक्तानी गर्ने निर्णय सर्व सम्मतिले गरियो

निर्णय नं.२. : जिल्ला समन्वय समिति ओखलढुङ्गाको मिति २०७८/०९/०७ गते बसेको जिल्ला सभाले आ.व. २०७८/७९ मा प्रत्येक स्थानीय तहलाई रु.२५ लाख रुपैया गाउँपालिकासँग साझेदारी हुने गरी बजेट विनियोजन गरेकोमा यस गाउँपालिकाको मिति २०७८ साल चैत्र १८ गतेको कार्यपालिका बैठकले दुईवटा योजनाहरु Retaining Wall construction for covered hall को लागि रु.१५ लाख ५० हजार र अर्को Koltar Sadak soling tatha wall nirman को लागि १९ लाख ५० हजार (गापाको १० लाख) गरी खर्च गर्ने निर्णय गरिएको तर उक्त गापाको १० लाख रुपैया कुन स्रोतबाट व्यहोरिने भन्ने एकीन नभएको हुँदा आजको कार्यपालिका बैठकमा छलफल गरी चालु आ.व. २०७८/७९ को गाउँपालिका आन्तरिक स्रोतबाट विनियोजित समपूरक कार्यक्रम **घलेगाउँ केत्तुके खानेपानी योजना** शीर्षकबाट रु.दश लाख खर्च गरी कार्यक्रम गरिने निर्णय गरियो ।

निर्णय नं.३ : यस गाउँपालिकको आ.व.२०७८/७९ को गाउँसभाबाट **व्यायामशाला व्यवस्थापन** शीर्षकमा रु.१० लाख विनियोजन भएको र उक्त रकमबाट व्यायामशालाको लागि आवश्यक सामानहरु खरिद गर्ने र यसै गाउँपालिकाको केन्द्र वडा नं. ५, मानेभन्ज्याङको **मानेभन्ज्याङ यूवा समूहलाई** व्यायामशाला सञ्चालनको लागि व्ययामशाला सामग्री हस्तान्तरण गर्ने निर्णय गरियो।

निर्णय नं. ४. यस गाउँपालिकको आ.व.२०७८/७९ को गाउँसभाबाट **बोकुला खेलमैदान डिपिआर तथा खेलकुद कार्यक्रम** शीर्षकमा प्रदेश समानीकरण र आन्तरिक श्रोत गरी रु.७ लाख विनियोजन भएको, उक्त रकमबाट रु.१ लाखको खेलकुदको लागि खर्च भएको बाँकी रु.६ लाखबाट खेलमैदानको डिपिआर तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. यस गाउँपालिकाबाट ठेक्का लागाइएको ग्रामीण विद्युतीकरण निर्माण कार्यको सम्बन्धमा तपसिल अनुसारको निर्णय सर्वसम्मतिले गरियो । तपसिल:

प्रमाणिकरण

1. यस गाउँपालिकाको कार्यालय अन्तरगत ग्रामीण विद्युतीकरण निर्माण कार्यको ठेक्का नं.MRM/NCB/ELCTGDS/07/077/78 को लागि यस कार्यालय र श्री धुलिखेल-युनिकर्ण जे.भी. काठमाडौंबीच मिति २०७९/०१/०५ गतेभित्र सम्पन्न गर्ने गरी मिति २०७८/०३/११ गते दुईपक्षीय सम्झौता भएकोमा हालसम्म साइटमा कामको कुनै प्रगति नदेखिएको र सो सम्बन्धमा यस कार्यालयबाट बिभिन्न मितिमा निर्माण व्यवसायीलाई ताकेता (पत्राचार) गर्दा पनि अटेर/वेवास्ता गरी हालसम्म साइटमा कुनै पनि काम नगरेको हुनाले निर्माण व्यवसायी श्री धुलिखेल- युनिकर्ण जे.भी. काठमाडौंलाई यस कार्यालयबाट उपलब्ध गराइएको पेश्की रकम बापतको बैंक जमानत र सो कार्य गर्नको लागि यस कार्यालयमा निज निर्माण व्यवसायीले पेश गरेको Performance Bank Guarantee जफत गर्नको लागि मिति २०७९ जेठ २० गते प्राविधिक शाखाबाट कारबाही सम्बन्धमा पेश भइ आएको र गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूबाट स्वीकृत टिप्पणी आदेशलाई यस कार्यपालिका बैठकबाट अनुमोदन/स्वीकृत गरि तत्काल कृषि विकास बैंक लिमिटेड कुपण्डोल, ललितपुर शाखाबाट Advance Payment Security पेश गरेकोमा Advance Payment Guarantee No. : APG 0120/020/4961/21 को रु.१३,९०,५००/- (अक्षरेपी रु. तेह्र लाख नब्बे हजार पाँचसय मात्र) र Performance Bank Guarantee No. : PB 0120/051/4961/21 को रु. ७,९०,०००/- ( अक्षरेपी रु. सात लाख नब्बे हजार ) मात्र उक्त बैंक ग्यारेन्टीको रकम जफत गरी यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २४८०१००३०१०१०००२ मा उक्त रकम जम्मा गरिदिनको लागि बैंकलाई पत्राचार गर्ने र ठेक्का सम्झौताको GCC को Clause 35 को Sub Clause 35.1a(i,ii,iii) अनुसार तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, उपदफा ७ बमोजिम यस कार्यालयसँग भएको ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।
2. निज निर्माण व्यवसायीले हालसम्म साइटमा कुनै पनि काम नगरेको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, उपदफा ८ बमोजमि सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेका कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था भएकाले सोही अनुसार आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
3. निर्माण व्यवसायी श्री धुलिखेल- युनिकर्ण जे.भी. काठमाडौंलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा-६३, उपदफा १(ग) बमोजिम कडा कारबाही कालोसूचीमा राखको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंलाई कानुनी प्रक्रिया अगाडि बढाउनको लागि आवश्यक राय, सल्लाह, सुझाव लिई कानुनमा भएको व्यवस्था अनुसार

प्रमाणिकरण

निज कम्पनीलाई कालोसूचीमा राखको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस गाउँपालिकाको वडा नं. ३ अन्तरगतको आ.व.२०७८/७९ मा सञ्चालन हुने कार्यक्रम **पर्यटन प्रबर्धन** शीर्षकमा रु. १ लाख विनियोजन भएकोमा सो कार्यक्रमको लागि चोमोलुङ्मा मिडिया प्रोडक्सन होम प्रा.लि., सोलुदुधकुण्ड नपा-५, सोलुखुम्बुले प्रस्तावना पत्र पेश गरेको हुँदा सो प्रस्तावना पत्रलाई आजको कार्यपालिका बैठकमा छलफल तथा अनुमोदन गरी प्रस्तावना पत्रानुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: यस गाउँपालिकाको वडा नं. ३ अन्तरगत आ.व.२०७८/७९ मा सञ्चालन हुने कार्यक्रम **जनकल्याण आवि साउण्ड सिस्टम खरिद** शीर्षकमा ३ नं. वडाबाट रु. ३ लाख र पालिकाबाट सोही शीर्षकमा रु. २ लाख विनियोजन भएको हुँदा उक्त पाँच लाख रकम जनकल्याण आविको बैंक खातामा अनुदान स्वरुप सो रकम हालिदिने र विद्यालयले साउण्ड सिस्टम खरिद गर्ने साथै खरिद भैसकेपछि प्रतिवेदन सहित बिल भर्पाईको प्रमाणित फोटोकपी यस कार्यालयमा बुझाउनु पर्ने निर्णय गरियो ।

निर्णय नं. ८: यस गाउँपालिकाको आ.व.२०७८/७९ मा सञ्चालन हुने कार्यक्रम **संस्कृति अध्ययन प्रस्ताव १ मानभन्ज्याङ ६** शीर्षकमा रु. २ लाख विनियोजन भएकोमा सो कार्यक्रमको लागि यस कार्यालयमा प्राप्त भएको आवश्यक प्रस्तावको अध्ययन गरी प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. १ शाखा कार्यालय, खोटाङको मिति २०७९/२/३१ को पत्रानुसार अनुरोध गरिएको विषयमा संयुक्त राष्ट्र संघको आव्हान बमोजिम नेपाल सरकारले आ.व.२०६१/६२ देखि कार्यान्वयनमा ल्याएको मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना मध्ये हाल (२०७४/४/१) देखि नेपालमा मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्य योजना कार्यान्वयनमा रहको व्यहोरा अवगत भयो । उक्त योजना कार्यान्वयनको लागि स्थानीय तहदेखि संघसम्म विभिन्न चारवटा संयन्त्रहरु रहेको, जस अन्तरगत स्थानिय तहमा **"मानव अधिकार राष्ट्रिय कार्ययाजना स्थानीय तह समन्वय समिति"** गठन गरी कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको भनि पत्रानुसार जानकारी हुन आएकोले आजको कार्यपालिका बैठकमा छलफल गरी तपसिल अनुसारको समिति गठन गरियो :

तपसिल:

श्री ज्ञानेन्द्र रुम्दाली (अध्यक्ष) - संयोजक

श्री आश्राचन राई - सदस्य

प्रमाणीकरण

३/४

प्रत्येक वडाका वडाध्यक्षहरु - सदस्य

श्री राज कुमार रुम्दाली - सदस्य

श्री राममणी राई - सदस्य

श्री जितेन्द्र राई - सदस्य

श्री विष्णु बहादुर तामाङ - सदस्य

श्री राम कुमार राई - सदस्य

श्री हेमराज राई -सदस्य

श्री विष्णु प्रसाद गौतम - सदस्य

श्री भीम बहादुर बलम्पाकी मगर – सदस्य

श्री पूर्ण बहादुर मगर - सदस्य

विषयगत शाखा हेर्ने अधिकृतहरु :

श्री दिलिप कुमार मगर - सदस्य

श्री विश्वराज दाहाल - सदस्य

१जना महिला सहित अध्यक्षले तोकेको नागरिक समाजका ३ जना प्रतिनिधि- सदस्य

श्री माया राई -सदस्य (नगरिक समाज)

श्री धुम्रीमाया राई -सदस्य "

श्री लक्ष्मण राउत - सदस्य "

स्थानीय तहमा रहेको सुरक्षा निकायका प्रमुख- सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

निर्णय नं. १०: आर्थिक वर्ष २०७९/०८० मा विनियोजन भएको बजेट अनुसार वडा नं.५ बाट सञ्चालित भोर्ले महादेव मन्दिर संरक्षण योजनाको लागत इस्टिमेटमा ढुंगाको मेसनरी वालमाथी इट्टाको गारो लगाउनु पर्नेमा इट्टाको अभाव र भौगोलिक बनावटको कारणले गर्दा इट्टाको गारोको सट्टामा ढुंगाको मेसनरी वाल नै लगाई सो कार्य सम्पन्न भएको साथै मिति २०७९ साल जेठ १६ गते निर्माण कार्यको आइटम परिवर्तन गर्ने सम्वन्धमा प्राविधिक शाखाबाट टिप्पणी पेश भएको हुँदा आजको कार्यपालिका बैठकमा छलफल गरी सो टिप्पणी सर्व सम्मतिले स्वीकृत गर्ने र योजना फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: आगामी आर्थिक वर्ष २०७९/०८० को लागि यस मानेभन्ज्याङ गाउँपालिकाको राजश्व परामर्श समितिवाट अनुमानित स्रोत तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन अनुसार चालु आ.व.२०७८/७९ को अनुमान र जेठ मसान्तसम्मको आन्तरिक आम्दानीको यथार्थ विवरण साथै आगामी आ.व.२०७९/८० को आन्तरिक आय अनुमान, संघीय

प्रमाणीकरण

सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुमानित अनुदान समेत गरी तपसिल अनुसार स्रोत अनुमान हुने देखियो ।

| सि. नं. | आम्दानीका क्षेत्रहरु | आ.व.२०७८/७९ को अनुमान | आ.व.२०७८/७९ को जेठ मासन्त सम्मको प्राप्त | आगामी आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| क | आन्तरिक आम्दानी | | | |
| १ | भूमीकर/मालपोत दस्तुर | ३.००.०००/- | २.५७.०५६.८४/- | ४.००.०००/- |
| २ | घर बहाल कर | ४.००.०००/- | १.१४.०२८/- | ४.००.०००/- |
| ३ | सरकारी सम्पतिको बहालबाट प्राप्त कर | ४.००.०००/- | २.९६.७००/- | १०.००.०००/- |
| ४ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ४०.०००/- | २१.३००/- | ३.००.०००/- |
| ५ | नाता प्रमाणित दस्तुर | १.५०.०००/- | २२.२००/- | १.५०.०००/- |
| ३ | व्यक्तिगत घटना दस्तुर | १.५०.०००/- | ७०.३००/- | १.५०.०००/- |
| ४ | सिफारिस दस्तुर | ३.००.०००/- | ५१.४४५/- | ३.००.०००/- |
| ५ | अन्य बिक्रीबाट प्राप्त रकम | १०.०००/- | | १.००.०००/- |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | २०.००.०००/- | ५.१९.९७६.४२/- | २०.००.०००/- |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | १.००.०००/- | ४३.२५१.५९ | २.००.०००/- |
| ८ | अन्य कर | ३.००.०००/- | | २०.००.०००/- |
| ९ | अन्य दस्तुर | ५०.०००/- | १०.२००/- | |
| १० | अन्य राजश्व | १.५०.०००/- | ७.७३.६०३/- | |
| | **जम्मा** | ४३.५०,०००/- | २१.८०,०६०.८५/- | ७०.००.०००/- |
| ख | बैंक मौज्दात | ९,३०,२३,०४३.३६/- | | |
| ग | **बाँडफाँडबाट प्राप्त राजश्व** | | | |
| १ | संघीय राजश्व बाँडफाँड | ७,१७,९५,५००/- | | ८.६९.७१.००० /- |
| २ | सवारी साधन कर बाँडफाँड | ४१,५२,८४०/- | | ४१.५२.८३०/- |
| ३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १४,१२,३४२/- | १४.१२.३४२/- | |
| ४ | बाँडफाँड भइ प्राप्त रोयल्टी | १७,१५/- | १७.१५/- | |
| ५ | दहत्तर बहत्तर बिक्री आय | २१,०४,७७५/- | १२.६२.८६५/- | |
| | **जम्मा** | ७,९४,६६,६७२.९३/- | | |
| घ | संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | | |
| १ | संघीय वित्तीय समानीकरण | ९.४७.००.०००/- | | १०.२४.००.०००/- |
| ३ | सशर्त अनुदान | २०.२.००.०००/- | | २०.८८.००.०००/- |
| ४ | सशर्त अनुदान पूँजीगत | १.९०.००.०००/- | | १.७३.००.०००/- |

प्रमाणीकरण

| | | | | |
|---|---|---|---|---|
| ४ | समपूरक अनुदान | ६९,००,०००/- | | ६०,००,०००/- |
| ५ | विशेष अनुदान | ४,१५,००,०००/- | | |
| | जम्मा | ३६,२३,००,०००/- | | |
| ङ | प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | | |
| १ | प्रदेश समानीकरण | ५४,०२,०००/- | | ५४,०२०००/- |
| २ | सशर्त अनुदान चालु | ९,२३,०००/- | | १,२३,०००/- |
| ३ | सशर्त अनुदान पूँजीगत | ४९,७९,०००/- | | ३४,१९,०००/- |
| ४ | समपुरक अनुदान पूँजीगत | १,००,००,०००/- | | १,००,००,०००/- |
| | जम्मा | २,१३,०४,०००/- | | |
| | कुल जम्मा | ५६,०४,४३,७१६.२९/- | | ४५,२५,६७,८३०/- |

गाउँपालिकाले बाँडफाँड गर्न मिल्ने अनुदान

| क.स. | शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण | १०,२४,००,०००/- | |
| २ | प्रदेश समानीकरण | ५४,०२०००/- | |
| ३ | संघीय राजश्व बाँडफाँड | ८,६९,७१,०००/- | |
| ४ | प्रदेश सवारी साधन कर | ४१,५२,८३०/- | |
| ५ | आन्तरिक आम्दानी | ७०,००,०००/- | |
| | जम्मा | २०,५०,२५,८३०/- | |

अनिवार्य खर्चतर्फ :

| क.स. | शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ७,८४,५०,०००/- | Karyalaya Sanchalan ,079.80xlsx |
| २ | गाउँपालिका प्रशासकीय भवन | १,००,००,०००/- | |
| ३ | समपूरक कोष | १,००,००,०००/- | |
| ४ | विपद व्यवस्थापन कोष | २०,००,०००/- | |
| ५ | सान सिंचाई कार्यक्रम साझेदारी | २८,००,०००/- | |
| ६ | बालविकास केन्द्रको कर्मचारी पारिश्रमिक | १,००,००,०००/- | |
| ७ | शिक्षण सिकाई अनुदान | २१,००,०००/- | |
| ८ | विद्यालय, साझेदारी प्रवर्धन कोष | ५९,००,०००/- | |
| | जम्मा | १२,१२,५०,०००/- | |

बाँडफाँड गर्न मिल्ने जम्मा बजेट = २०,६०,२५,८३०/-

अनिवार्य खर्च तर्फ = - १२,१२,५०,०००/-

रु.८,३७,७५,८३०/- (पालिका स्तरीय र वडा स्तरीय योजनाको लागि)

प्रमाणीकरण

निर्णय नं.१२: आ.व. २०७९/८० को लागि यस गाउँपालिकाको वडामा जाने बजेटको सिलिङको सम्बन्धमा तपसिल अनुसार हुने निर्णय गरियो :

१. वडामा जाने जम्मा बजेट सिलिङ- रु.४५ लाख।

- पूर्वाधारमा (यातायात, भवन, आवास, उर्जा, संचार तथा सूचना प्रविधि) रु.३० लाख
- कृषि, पशु तथा शिक्षामा रु.११ लाख।
- अन्य सहायता रु.३ लाख।
- विविध तथा विजुली महशुल तथा पानी खर्च रु. १ लाख।

निर्णय नं.१३: यस मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०७८ जेठ १८ र १९ गते बसेको बैठकबाट निर्णय भइ कार्यपालिका बैठकमा पेश भएको समितिको प्रतिवेदन माथी छलफल गरियो । आ.व. २०७९/८० को राजश्वको दररेट, आगामी आ.व. २०७९/८० को आयको अनुमान सम्बन्धी समितिले पेश गरेको प्रतिवेदन अनुसारनै आजको कार्यापालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।